हिरोशिमा प्रान्ट

# हिरोशिमा प्रकोप रोकथाम सूचना ईमेल सूचना सेवा

**नवीकरण !**

**नि:शुल्क दर्ता** (नोट:)



## अधिक बुझ्ने, अधिक विस्तृत रूपमा

**प्रकोपबाट जीवन बचाउन आवश्यक जानकारी प्राप्त गर्नुहुने छ।**




**दर्ता यहाँबाट**

दर्ता विधि पछाडि उल्लेख गरिएको छ

◎उचित सतर्कताका साथ एकदम बुँझिने किसिकले ◎बुँझिन सजिलो किसिमले वाक्यको डेलिभरी

◎११ भाषामा इमेलको डेलिभरी ◎आवश्यक जानकारीको उचित समयमा प्राप्ति

## प्रकोप रोकथाम सूचनाको ईमेल भन्नाले? कस्तो किसिमका फाइदा छन त?

यस सेवाले प्रान्तका नागरिकहरूका लागि प्रकोपबाट जीवन बचाउन आवश्यक जानकारी प्राप्त गराउन प्रकोप रोकथामका जानकारीलाई एउटा प्याकेजको रूपमा उचित समयमा ईमेलको माध्यमबाट डेलिभरी गरिन्छ ।

### जीवन बचाउन आवश्यक जानकारीहरू सूचित गरिनेछ।

निकासी सल्लाहकार / निर्देशनको आधिकारिक निर्देशित स्थिति, सुनामी, मौसमका जानकारी / चेतावनी, बाढी पहिरो प्रकोपका खतरा सम्बन्धी जानकारी आदि जीवन बचाउनका लागि आवश्यक क्रियाकलाप प्राप्तिका आवश्यक जानकारीहरू प्राप्ति गर्न सकिन्छ।

### क्षेत्रको छनोट गरी दर्ता गर्न सक्नुहुन्छ

बसोबास क्षेत्रमा अरू नगरपालिकाहरूमा पनि दर्ता गर्न सकिन्छ। दर्ता गरिएको क्षेत्रमा कस्ता किसिमका जोखिमहरू आईरहेको छ थाहा पाउन सकिन्छ।

### सतर्क स्तरमा हिनानको समय पत्ता लगाउन सक्नुहुनेछ।

सतर्कता स्तरमा हिनान तथा उचित समयमा देखाउनु पर्ने ब्यवहारलाई बुझिन्छ।



(नोट) यो सेवा नि: शुल्क प्रयोग गर्न सकिन्छ, तर इ-मेल आदि प्राप्त गर्नका लागि आवश्यक सञ्चार शुल्क चाहि प्रयोगकर्ता आफैले तिर्नु पर्छ ।

## कस्तो स्तिथिमा जानकारी आउँछ त?

### आफु बसोबास क्षेत्रमा निकास अवस्थाको आवश्यक भएको खण्डमा ई-मेल आउँछ।







- निकास जानकारी [बुढा व्यक्तिको निकास, निकासक निर्देशनहरू] जारी गरिएको बेलामा
- जब नदीको पानी बढेर खतरा बाढीको रूपमा माथिल्लो तहसम्म पुग्ने बेलामा
- पहिरोको प्रकोप चेतावनीको जानकारी गरिएको बेला
- सुनामी चेतावनी जानकारी गरिएको बेला

※केहि सूचनाहरू आपतकालीनका रूपमा ईमेल मार्फत पनि डेलिभरी गरिन्छ।


हिरोशिमा संकट व्यवस्थापन पर्यवेक्षक जोखिम व्यवस्थापन प्रभाग फोन न 082-513-2786 जापानी भाषामा मात्र प्रतिक्रया

# प्रकोपबाट बच्नको लागि अवश्य दर्ता गर्नुहोस्!

**दर्ता / सेटिंग धेरै सजिलो छ!**

| | |
|---|---|
| **चरण 1** | अगाडिको QR कोड स्क्यान गरि खाली ईमेल पठाउनुहोस्। |
| **चरण 2** | इमेल मार्फत दर्ता गराइएको ठेगाना प्राप्त हुने भएकोले कृपया आकुसेस गरेर दर्ता स्क्रिननितिर अगाडि बढ्नुहोस्। |
| **चरण 3** | कृपया प्राप्तिको लागि सेटिङ गर्नुहोस। यदि प्रथम पटक गर्दै हनुहुन्छ भने , "आवश्यक वस्तुहरू मात्र" गर्न अनुरोध गर्दछौं। |
| **चरण 4** | प्राप्त गर्न चाहेका नगरपालिका र बितरण बिषयवस्तुको सेटिङ मात्र गरेमा सजिलै सँग दर्ता गर्न सकिन्छ। |

※यो सेवा नि: शुल्क प्रयोग गर्न सकिन्छ, तर इ-मेल आदि प्राप्त गर्नका लागि आवश्यक सञ्चार शुल्क चाहि प्रयोगकर्ता आफैले तिर्नु पर्नेछ



※ईमेलको वाक्य एउटा इमेज भइ वास्तवमा फरक हुन्छ।

## हिरोशिमा प्रकोप रोकथाम जानकारी ईमेल सूचना सेवा को सूचनाका बिषयवस्तु "आवश्यक वस्तुहरू मात्र"

| जानकारीको नाम | | | बिषयवस्तु |
|---|---|---|---|
| निकास जानकारी | आपतकालिन सुरक्षा सुनिश्चित गर्दै | सतर्कता स्तर 5 | नगरपालिकाले निकास जानकारी( बाँयापट्टि उल्लेखित 3 तल्ला) जारि गरेर डेलिभरि गरेको बेला<br>※निकास स्थल शुरूवातका जानकारीको बारेमा निकास जानकारीको ईमेलमा उल्लेखित लिंक मा हिरोशिमा प्रकोप रोकथामको वेब साइट जाँच गर्न सक्नुहुन्छ। |
| | निकास निर्देशन | सतर्कता स्तर 4 | |
| | बुढा व्यक्तिको को निकास | सतर्कता स्तर 3 | |
| मौसम सतर्कता -चेतावनी | बिशेष चेतावनी | सतर्कता स्तर 4 देखि 5 बराबर | सबैभन्दा ठूलो प्रकोप हुने डर एकदम भएको बेलामा महत्वपुर्ण स्तरको चेतावनी दिनको लागि पठाइने |
| | चेतावनी | सतर्कता स्तर 3 देखि 4 बराबर | सबैभन्दा ठूलो प्रकोप हुने डर एकदम भएको बेलामा चेतावनी दिनको लागि अपनाइन पठाइने पूर्वानुमान |
| अल्पकालीन भारी वर्षा जानकारी रेकर्ड | अल्पकालीन भारी वर्षा जानकारी रेकर्ड | | धेरै बर्षमा एक पटक मात्र देखिने अल्पकालीन भारी वर्षाको अवलोकन र विश्लेषण गरिएको बेलामा पठाइने |
| पहिरोको प्रकोप चेतावनीको जानकारी | पहिरोको प्रकोप चेतावनीको जानकारी | सतर्कता स्तर 4 बराबर | भारी वर्षा चेतावनी जानकारीको बेलामा, पहिरोको प्रकोप हुन सक्ने खतरा अझै बढ्दा खेरी पठाइने |
| पहिरोको प्रकोप खतरा स्तरको जानकारी | वर्तमान सन्दर्भ मान भन्दा अधिक, 2 घण्टा पछि सन्दर्भ मान भन्दा अधिक | सतर्कता स्तर 4 बराबर | भारी वर्षाले हुने पहिरोको प्रकोप हुन सक्ने खतरास्तरलाई मनन गरि पठाइने |
| सुनामी जानकारी | सुनामी सतर्कता | | पूर्वानुमान गरिएको सुनामीको उचाई उच्च स्थानहरूमा 0.2 देखि 1 मिटरको अवस्थामा प्रकोपको जोखिममा पठाइने |
| निश्चित नदीहरूमा बाढीको पूर्वानुमान | बाढी हुन सक्ने जानकारी, बाढी जोखिम सम्बन्धि जानकारी | सतर्कता स्तर 4 देखि 5 बराबर | नदीमा बढेको पानी वा बाढी विरुद्ध नागरिक हरूले निकास व्यवहारलाई सोचेर तोकिएका नदीहरूका लागि तोकिएको नदीको सेक्सन निश्चित गर्ने वा पानीको सतह र स्रावलाई संकेत गर्ने पूर्वानुमान बारे पठाइने। |
| बाढी चेतावनी जोखिम स्तरको जानकारी | अत्यन्त खतरा, धेरै खतरनाक | सतर्कता स्तर 4 बराबर | बाढी चेतावनी पूरक जानकारी अन्तर्गत साना र मध्यम आकारका नदीहरूमा बाढी प्रकोपको जोखिमको स्तर निर्धारण गरि पठाइने |

तालिकामा उल्लेखित नगरिएको जानकारी पनि सेटिङ अनुसार प्राप्त गर्न सकिन्छ।
[सतर्कता स्तर भन्नाले?] प्रकोप हुन जोखिम बढेको कुरालाई ध्यानमा राखेर अपनाउने व्यवहारलाई प्रोत्साहन दिने कार्यहरूको जानकारी सँग सम्बन्धित कुरा हो।
[सतर्कता स्तर बराबरको जानकारी भन्नाले?] प्रकोप रोकथाम मोसम जानकारी अन्तर्गत निकास जानकारीको कस्तो स्तरसम्म बराबर देखाउछ नागरिकहरू आफैंले निकास कार्यविधिहरू गर्दा कस्तो निर्णय गरिन्छ त्यसको रिफरेसको रूपमा लिनको लागि जानकारी हो।

## हिरोशिमा "सबैबाट न्यूनीकरण प्रकोप" का नागरिकहरूबाट अभियान

यो अभियान ｢प्रकोपमा बलियो हिरोशिमा｣ को वास्तविकता झल्काइ, प्रान्टका नागरिकहरूले प्रकोपबाट जीवन बचाउनको लागि उपयुक्त कार्यविधि उपनाइ स्वैच्छिक आपत्ति रोकथाम संगठनहरू, व्यवसायहरू र सरकार निकायहरू सबै मिलेर हेईसेइ 27 बाट काम गर्दै आएको हो।

**बिस्तृत विवरणका लागि वेबसाइटमा जाँच गर्नुहोस्।** ▶▶▶ प्रकोप न्यूनीकरणको पहिलो चरण | खोजी

स्मार्टफोनको लागि २D (QR Code) कोड




हिरोशिमा संकट व्यवस्थापन पर्यवेक्षक सबैबाट प्रकोप घटाउन संवर्धन विभाग फोन न. 082-513-2781

जापानी भाषामा मात्र प्रतिक्रया